# ऊ पनि गयो

गोविन्दबहादुर मल्ल 'गोठाले'

म आज ५५ वर्षपछाडि फर्केर सम्झदै छु । २००४ सालको जाडो महिनाको कुनै बिहानी हुनुपर्छ । पाकोस्थित हाम्रो घरमा दुब्लो-पातलो ज्यान, लाम्चो नाक र लामो कपाल पालेको एउटा तन्नेरी आएको थियो । बीसे-बाइसे देखिने त्यो तन्नेरीसूग पहिलो भेटमा त्यति कुराकानी हुन पाएन, सामान्य चिनजानबाहेक । भाइ विजय र मसूग उसले 'शारदा' पत्रिकाको कुरा गऱ्यो । र, फिर्ने बेलामा 'ऊ गयो' शीर्षकको कथा छाप्नका लागि थमाएर गयो ।

केही महिना बिते । 'शारदा' मा पछि त्यो कथा छापियो पनि (स्मरणशक्ति धूमिल भएकाले कुन अंकमा छापियो, त्यो अहिले भुलें) । हाम्रो नियम के थियो भने त्यसरी उदाएका नयाूनौला लेखकलाई टोकनजस्तो अलिकति पारिश्रमिक दिने गरिन्थ्यो । झापाबाट काठमाडौं आएको त्यो युवकलाई तत्कालै भेट्ने कुरा भएन । पछि एउटा संयोगमा पारिश्रमिकस्वरूप २० रुपैयाू 'शारदा' का तर्फबाट मैले उसलाई दिएको थिएू । त्यो तरुण मित्र दौलतविक्रम बिष्टले २० रुपैयाू पारिश्रमिक पाउूदा जनाएको कृतज्ञता, उसको चम्किलो अनुहार र उसको 'ऊ गयो' शीर्षक कथाको संयोग म अहिले सम्झिरहेछु । हाम्रो पहिलो भेट 'ऊ गयो' बाट भएको थियो । त्यो मेरो र विजयको मनको मित्रले अघिल्लो साता यो संसार छाडेको खबर सुन्दा मैले मनैमनमा सुस्केरा काढ्दै भनें– 'ऊ पनि गयो !'

हामी पाकोमा बस्थ्यौं । उमेरमा मभन्दा चार वर्ष कान्छो दौलत भाइ ओटुमा बस्थ्यो । आफ्ना कथाहरू लिएर 'शारदा' मा आइरहन्थ्यो । उमेर हिसाबमा मभन्दा बढी विजय मल्ल भाइसूग उसको हिमचिम रहन्थ्यो । राणाकालीन त्यो जगजगी बेलामा काठमाडौंबाहिरबाट आएर मिलनसार स्वभाव देखाउूदै ऊ हामीसूग पनि अनन्य बनिसकेको थियो । पछि गएर चिया र रक्सी पिउने, फिल्म हेर्ने, प्रेमका कुरा गर्ने, कथाका पात्रमाथि न्याय गर्न छलफल गर्ने र रसिला कुरा गर्ने हितैषी समूह बन्यो हाम्रो । तर गोजीमा पैसा छैन भने ऊ हामीसूगै पनि झर्किन्थ्यो ।

त्यो समयमा लेखेर केही फाइदा थिएन । उल्टै राणाजीहरूले खोरमा थुन्ने डर रहन्थ्यो । यस अर्थमा केही लाभ नमिल्ने साहित्य सृजनामा जुटेर दौलतले हामीजस्तै स्वतःस्फूर्त प्रतिभा देखाएको हो । खानेखेल्ने पैसा भएन भने जससूग छ त्यसैले उदारमन देखाउनैपर्थ्यो । कति कुरा भने मनको मनमै रहन्थे पनि । विशेषतः नरदेवी गल्लीमा फोक्सोको तरकारी र रक्सी पिउन हामी गइरहन्थ्यौं । हाम्रा साथमा श्यामदास वैष्णव पनि हुन्थे । जेल नपरेका बेला भने केदारमान व्यथितहरू पनि हुन्थे ।

अल्लारे बेलामा, त्यो कालमा चुरोट नखाने कमै हुन्थे । दौलत पनि हामीझैं चुरोट पिउूथ्यो । अरूभन्दा पनि पहिलो बिहा असफल भएको, डिभोर्स गरेको कुरामा आहत देखिन्थ्यो दौलत । 'जीवनलाई जसरी सहज रूपमा लिनुपर्छ, त्यसरी नै यौन र अरू कुरालाई पनि' भन्दै हामी गफ गर्थ्यौं । लेखनमा पनि अहिलेजस्तो यौनलाई 'यौन' मात्रै भनेर हामी लेख्दैनथ्यौं । जीवनको अभिन्न शैलीमा यौनलाई पनि जोड्थ्यौं । राणाशाहीका अघि टिपटप बनेर हिंड्न मुस्किल थियो । अक्सर दौरा, सुरुवाल र कोट लगाएरै हामी हिंड्थ्यौं । पेन्ट, सर्ट लगायो कि 'ए, बढ्ता हुन्छस्' भनेर समातिहाल्थ्यो ।

अब त मेरो भाइ विजय पनि छैन । अर्को साथी दौलत पनि रहेन । धेरै कुरा विस्मरणमा जान थालेका छन् यतिखेर । अहिले त आफ्ना कथाका पात्र आफैं बिर्सन लागें । दौलतलाई एउटा कथा/त्यसको पात्र अथवा उपन्यासका भरमा चिन्ने प्रयास गर्नु हुन्न । दौलत भनेको समग्रमा 'दौलत' नै हो । उसका सबै कथा र उपन्यासको मौलिक शैली म अहिले सम्झदै छु । मेरा आूखासामुन्ने उसको त्यो ४/५ सालतिरको, पछि ३०/३५ सालतिरको र पछि बिरामी पर्दाका तीन थरी अनुहार झलझली आइरहेछन् ।

एउटा यस्तो समय पनि थियो जुन बेला हामी दिनहुजसो भेट गर्थ्यौं । अरू बेला नभेटे बेलुकापख त भेट हुन्थ्यो नै । तर अहिले त चार वर्ष बितेछ दौलतलाई नभेटेको । जीवनमा संयोग कस्तो छ भने ऊ पनि बिरामी, म पनि बिरामी । ऊ त पक्षाघातका कारण फोनमा पनि बोल्न सक्तैनथ्यो । उसले चार वर्षअघि लेखेको धर्मभक्तमाथिको

उपन्यास ‘फासीको फन्दा’ पछि मैले उसका अरू कृति, रचना पढेको छैन । उमेरमा कान्छो भए पनि त्यो साथी बिरामी छ, भेट्न जानुपर्छ भन्दै थिएँ । तर अब ऊ नभेटिने भइसक्यो । पालो त सबैको आउँछ नै । तर अहिले आफूसँगै पाको र ओटुतिर उफ्रीपाफ्री गर्ने ती दौंतरीले छाड्दै जाँदै छन्, म भने समयचक्रजस्तो ‘पल्लो घरको झ्याल’ हेरेर दिन बिताउँदै छु । त्यो दौलत भाइको त मृत्यु भयो । सम्झन्छु, अब मेरो पालो बित्न लागेको हो कि ?

(शारीरिक अशक्तताका कारण नयाँ सडकस्थित घरमै आराम गरिरहेका ८१ वर्षीय गोठालेसंगको कुराकानीमा आधारित)